UNITED NATIONS MISSION
IN NEPAL

UNMIN

नेपालस्थित संयुक्त
राष्ट्रसंघीय मिसन

**प्रेस वक्तव्य**

## नेपालका लागि महासचिवका प्रतिनिधि करिन लनग्रेन तथा शान्ति तथा पुनर्निर्माण मन्त्री रकम चेमजोङबीच भेट

२०१० फेब्रुवरी २५

माओवादी सेनाका सदस्यहरूको गोप्य तथ्याङ्कको उपलब्ध गराउने सम्बन्धमा सरकारले गरेको अनुरोधका बारेमा छलफल गर्न नेपालका लागि महासचिवका प्रतिनिधि तथा अन्मिन प्रमुख करिन लनग्रेनले आज दिउँसो शान्ति तथा पुनर्निर्माण मन्त्री रकम चेमजोङलाई भेट्नु भयो।

छलफलका क्रममा, अन्मिनले नेपालको शान्ति प्रक्रियाको एक मुख्य दस्तावेजको रूपमा रहेको सेना तथा हतियार व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौताको प्रति उपलब्ध गरायो। उक्त दस्तावेज (धारा २) मा कुनै पक्षद्वारा उपलब्ध गराइएका यस्ता सूचनालाई राष्ट्रसंघले उपयुक्त गोपनियता कायम गर्नुपर्ने उल्लेख गरिएको छ।

सन् २०१० को फेब्रुवरी १६ मा अन्मिनले मन्त्रालयलाई यस प्रकारको तथ्याङ्क उपयुक्त वातावरण भएमा मात्र उपलब्ध गराउन सकिने सूचित गरेको थियो। तथ्याङ्क उपलब्ध गराउने सम्बन्धमा, उदाहरणका लागि संयुक्त अनुगमन समन्वय समिति (जेएमसिसि) ले विचार गर्न सक्छ, किनकी यो निकायमा नै सुरुमा दर्ता तथा गोपनीयतासँग सम्बन्धित कार्यविधिसम्बन्धमा सहमति भएको थियो र सेना तथा हतियार व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौताको कार्यान्वयनका सम्बन्धमा उठेका कुनै पनि मुद्दाको समाधान गर्ने जिम्मेवारी पनि यसै निकायको हो।

अन्मिनले संयुक्त राष्ट्रसंघको दायित्व र तटस्थतासँग सम्झौता नगरी आफू सहयोग गर्न तयार रहेको कुरा मन्त्रालयलाई दोहोऱ्याएको छ।

छलफलकै क्रममा अर्को मुद्दा, शिविरहरूमा रहेका माओवादी सेनाका सदस्यहरूको सङ्ख्या बारेमा समेत छलफल भयो। आफ्ना फौजको सही र अद्यावधिक सङ्ख्या उपलब्ध गराउनु सेना तथा हतियार व्यवस्थापनको अनुगमन सम्बन्धी सम्झौतमा हस्ताक्षर गर्ने पक्षहरूको दायित्व हो। सन् २०१० फेब्रुवरी २४ मा भएको संयुक्त अनुगमन समन्वय समितिको बैठकमा यस विषयमाथि पुनः ध्यानाकर्षण गराइएता पनि नेपाली सेना तथा माओवादी सेना दुवैले यसको पालना गरेका छैनन्।

ICC Complex, New Baneshwor, GPO Box 15211, Kathmandu, Nepal, Tel: + 977-1-501-0036/37/38, Fax: +977-1-501-0040